सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८१।०८२

च.न. २१६१

मितिः २०८२।०२।२९

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०२।२७ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.......................... २०८२/०२/२९

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधि

मिति २०८२।०२।२७ गतेका गाउँकार्यपालिकाको उनान्साठिऔं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्बन्धमा ।
२. रैथानेवाली प्रवर्द्धन कार्यक्रमको प्रस्ताव स्वीकृत सम्बन्धमा ।
३. कार्यविधि/निर्देशिका स्वीकृत सम्बन्धमा ।
४. योजना तर्जुमाको कार्यतालिका सम्बन्धमा ।
५. विपद् प्रभावित ब्यक्तिहरुको लागि सहयोग सम्बन्धमा ।
६. बजेट शिलिङ्गको जानकारी सम्बन्धमा ।
७. गाउँसभा सचिवालय गठन र गाउँसभा सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

- झो.पु. को साझेदारी संस्थाको करार संझौता नविकरण सम्बन्धमा ।
- अन्य विषयहरु ।

### बैठक संख्या-५९
### गाउँकार्यपालिकाको उनान्साठियौं बैठकका निर्णयहरु
### मितिः २०८२।०२।२७ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०२।८ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ रैथानेवाली प्रवर्द्धन कार्यक्रमको प्रस्ताव स्वीकृत सम्वन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना अनुसार एकल प्रस्ताव पेश भएकोले श्री मिलिजुली कृषक समूह सरुमारानी - ५ राङ्गभाङ्गको प्रस्तावलाई छनोट गरी कार्यविधिले तोके बमोजिम पूर्ण अनुदानमा तपसिलका शिर्षकहरुमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोदोको बिउ वितरण | संख्या | १० के.जी. | १५००/- | |
| २. | रैथाने बालीको महत्वबारे सचेतना तालिम | संख्या | १ | ४५,०००/- | |
| ३ | रैथाने बाली सम्बन्धि तालिम | संख्या | १ | ४०,०००/- | |
| ४ | मेशिनरी तथा उपकरण/सिंचाई सहयोग(कोदो फापर चुटने मेशिन, मोटर, पाईप र स्प्रे टयांकी आदि) | | | २,९०,५००/- | |
| ५. | अनुगमन तथा प्रतिवेदन | | | २३,०००/- | |
| | जम्मा | | | ४,००,०००/- | |

**निर्णय नं. ३ कार्यविधि/निर्देशिका स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको तपशिलका नयाँ र संशोधित कार्यविधि/निर्देशिकालाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

- उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमूखिकरण तालिम संचालन निर्देशिका, २०८२
- स्थानीय पूर्वाधार आयोजना संचालन तथा व्यवस्थापन निर्देशिका २०८२"
- मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ (प्रथम संशोधन २०८२ )
- अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ (प्रथम संशोधन २०८२)

- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ (प्रथम संशोधन २०८२)
- गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ ( प्रथम संशोधन २०८२)

**निर्णय न. ४ आ.ब. २०८२/०८३ को योजना तर्जुमाको कार्यतालिका सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि वार्षिक योजना तर्जुमा गर्नु पर्ने भएकोले सोको लागि तपशिलका वमोजिम वैठकहरु संचालन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

वार्षिक योजना तथा बजेट तर्जुमाको कार्यतालिका २०८२

| सि.न. | क्रियाकलापको नाम | मिति र समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | स्रोत अनुमान समितिको बैठक र बजेट सिलिङ्ग तथा मार्गदर्शन निर्धारण | २०८२ जेष्ठ २५ गते | अध्यक्ष र प्रमुख प्र.अ. | |
| २ | राजश्व परामर्श समिति वैठक | २०८२ जेष्ठ ... गते | अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्र.अ. र समिति | |
| ३ | राय सुझाव संकलन/पुर्व बजेट छलफल | २०८२ जेष्ठ २२ गते | अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्र.अ. | |
| ४ | वडा स्तरीय योजना तर्जुमा सम्पन्न | २०८२ जेष्ठ ३० गते सम्म | वडा अध्यक्ष/सचिव | |
| ५ | विषयगत समितिहरुको वैठक | २०८२ असार १-३ | समितिका संयोजकहरु | |
| ६ | निति तथा कार्यक्रम र बजेट लेखन | २०८४ असार ४-७ | अध्यक्ष/प्र. प्र.अ. | |
| ७ | बजेट तर्जुमा समितिको वैठक | २०८२ असार ७ गते | संयोजक/प्र.प्र.अ. | |
| ८ | गाउँसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत | २०८१ असार ८ गते | अध्यक्ष/कार्यपालिका | |
| ९ | वार्षिक बजेट वक्तब्य लेखन र कार्यक्रम तथा बजेटलाई अन्तिम रुप प्रदान | २०८१ असार ९ गते | अध्यक्ष/प्र. प्र.अ. | |
| १० | कार्यपालिकाबाट बजेट स्वीकृत | २०८१ असार ९ गते | कार्यपालिका | |
| ११ | गाउँसभामा वार्षिक बजेट प्रस्तुत | २०८१ असार १० गते | अध्यक्ष/उपाध्यक्ष | |

निर्णय नं. ५ विपद् प्रभावित ब्यक्तिहरुको लागि सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा,

क) २०८२।२।६ र ७ गते हावाहुरी सहितको वर्षाका कारण तपशिलका ब्यक्ति/संस्थाहरुको घरको छाना हावा हुरीले उडाई क्षति पुगेकोले क्षतिको गम्भिर्यतालाई हेरी विपद ब्यवस्थापन कोषबाट बढिमा २५,०००/- सम्म सहयोग उपलब्ध गराउने गाउँकार्यपालिकाको मिति २०८२।२।८ गतेको निर्णय अनुसार तपशिलका ब्यक्तिहरुलाई विपद ब्यवस्थापन कोष शिर्षकबाट निम्न बमोजिको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र स | नाम थर | ठेगान | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मनिकला दमै | सरुमारानी-३ गुरुङडाँडा | १५०००/- | |
| २ | शेर बहादुर गाहा | सरुमारानी-३ चाभा | १५०००/- | |
| ३ | चुमा राना | सरुमारानी-३ चाभा | १५०००/- | |
| ४ | तिमेस पुन | सरुमारानी-३ पनाहा | १५०००/- | |
| ५ | मिनराज पौडेल | सरुमारानी-३ हंशपुर | १००००/- | |
| ६ | उमिसरा घर्ति मगर | सरुमारानी-३ वाङ्गेवेशी | १५०००/- | |
| ७ | नमा गाहाँ | सरुमारानी-३ सुजिनपुर | १५०००/- | |
| ८ | गमिसरा गाहाँ | सरुमारानी-३ सुजिनपुर | १५०००/- | |
| ९ | रेवन्ता मर्साङ्गी | सरुमारानी-३ चाभा | २००००/- | |
| १० | नरमा चर्ति | सरुमारानी-३ सजिकोट | १५०००/- | |
| ११ | धनिसरा मिधुन | सरुमारानी-३ सजिकोट | १५०००/- | |
| १२ | टेक बहादुर चर्ति | सरुमारानी-३ लोङराङ | १५०००/- | |
| १३ | आशा गुरुङ्ग | सरुमारानी-३ हंसपुर | १०००० /- | |
| १४ | सम्सुदिन मियाँ | सरुमारानी-३ हंसपुर | १००००/- | |
| १५ | विसमिला मियाँ | सरुमारानी-३ लोङराङ्ग | २००००/- | |
| १६ | मान बहादुर सुनार | सरुमारानी-३ स्याउलीवाङ्ग टोल | २००००/- | |
| १७ | सविदेवी सुनार | सरुमारानी-३ धुवाकोट | १५०००/- | |
| १८ | राम पोखरी सामुदायिक भवन | सरुमारानी -३ सुजिनपुर | १००००/- | |
| १९ | कास्कोट इस्लामिक मदरासा शौचालय भवन | सरुमारानी-३ कास्कोट | १००००/- | |
| २० | निमि सुनार | सरुमारानी-१ आटिटार | १००००/- | |
| | जम्मा | | २८५०००/- | |

ख) सरुमारानी गाउँपालिका वडा नं. ४ बैके निवासी धन बहादुर थापा मगरको मिति २०८२ जेष्ठ २३ गते भएको आगोलागीका कारण घरगोठ, लत्ताकपडा अन्नपात कागजात लगाएतका सामाग्रीहरु जलेर नष्ट भएकोले निजलाई विपद व्यवस्थापन कोषबाट रु. २५,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ बजेट शिलिङ्गको जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिकाको आगामी आ.व.को लागि प्राप्त हुने संघीय सरकार अनुदान प्रदेश सरकार अनुदान र स्थानीय तहको आन्तरिक आयको विषयमा जानकारी भयो ।

**निर्णय नं. ७ गाउँसभा सचिवालय गठन र गाउँसभा सम्बन्धमा**

प्रस्ताव न. ७ माथी छलफल गर्दा लुम्बिनी प्रदेश सरकारवाट स्वीकृत "गाउँ सभानगर/ सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६"बमोजिम गाउँसभालाई व्यवस्थित रुपमा संचालन गर्न तपशिल बमोजिमको गाउँसभा सचिवालय गठन गर्ने, सचिवालयमा रही काम गर्ने कर्मचारीहरुको लागि कार्यालय समय बाहेक साझ विहान र विदाको दिन समेत काममा खटाउने, साथै सरुमारानी गाउँपालिकाको आ.व. २०८२।०८३ को निति तथा कार्यक्रम यस गाउँसभाको १७ औं अधिबेशन बैठक २०८२ असार ८ गते पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री त्रिविक्रम खड्का -प्रमुख प्रशासकीय अधिकृत
२. श्री लक्ष्मण आचार्य-प्रशासन शाखा प्रमुख
३. श्री टोप बहादुर शाही-लेखा अधिकृत
४ श्री सुभाष गौतम-ईन्जिनियर
४. श्री शिवराज न्यौपाने- सूचना प्रविधि अधिकृत
५. श्री तेजेन्द्र भण्डारी- योजना शाखा प्रमुख
६. श्री लिलाराम सोमै-जिन्सी शाखा प्रमुख
८. श्री घन बहादुर राना-कार्यालय सहयोगी
९. श्री गिता सारुमगर-कार्यालय सहयोगी

**निर्णय नं. ८ आर्थिक सहायता सम्बन्धमा ।**

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | शिशिर धामी/मेधराज धामी | सरुमारानी-१ | २५,०००/- | दिर्घरोध सहायता कार्यक्रम |
| २ | धनी मर्साई/चुमिसरा मर्साई | सरुमारानी-५ | २५,०००/- | दिर्घरोध सहायता कार्यक्रम |

ख) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन केन्द्रिय समितिको मिति २०८२।२।७ गतेको पत्र अनुसार २४ औं राष्ट्रिय अधिवेशनको लागि रु. १०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ग) योङ्ग कम्यूनिष्ट लीग, नेपाल जिल्ला समिति प्यूठानको २०८२।०१।२८ गतेको पत्र अनुसार प्यूठान जिल्लाको पाचौ जिल्ला सम्मेलन लागि रु. १०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ बिविध सम्बन्धमा ।**

- **झो.पु. को साझेदारी संस्थाको करार संझौता नविकरण सम्बन्धमा ।**

झोलुंगेपुल क्षेत्रगत कार्यक्रम अन्तरगत छोटो तरीको झोलंगेपुल (अधिकतम १२० मीटर) निर्माणको लागि गैरसरकारी संस्थाको तर्फबाट समूदायलाई प्राविधिक तथा सामाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन सरुमारानी गाउँपालिका र मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र, प्युठान (गैर सरकारी संस्था) विच कार्यप्रत्यायोजन संझौता गरिएकोमा हाल उपरोक्त संझौताको म्याद समाप्त भएकोले उक्त गैरसरकारी संस्थासंगको करार संझौता नविकरण गर्ने निर्णय गरियो।

- सरुमारानी गाउँपालिकाको रोजगार रणनीति कार्यालयको (आन्तरिक) जनशक्ति परिचालन गरी अद्यावधिक गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०२/२८

२०८२/२/२८
त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०२/२८
खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष